# ताप्ली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रुपाटार, उदयपुर

## प्राबिधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति :- २०७७/०४/२४

प्रस्तुत बिषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम ) प.स.२०७७/७८ च.न. २३, को मिति २०७७/०४/१२ को पत्रानुसार यस ताप्ली गाउँपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि आबश्यक प्राबिधिक सहायक पद करारमा पदपूर्तिको लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग गरिए बमोजिमको आवश्यक कागजात र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निबेदन दिनहुन अनुरोध छ ।

| क्र.स. | बिज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/०७७/७८ | प्राबिधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. आबश्यक न्युनतम योग्यता र अनुभव :

क ) सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतिर्ण भएको

ख ) अनुभब र सीप : प्राबिधिक सहायकमा देहायका अनुभब र सीप आबश्यक पर्नेछ :-

अ. कम्तिमा तीन महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको

आ. पुर्वाधारको निर्माण र मर्मतका लागि योजनाको लागत अनुमान, सुपरिबेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने, र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य परिमाण हासिल गर्न टोलीमा काम गरेको अनुभब, पारस्परिक सम्बन्ध सम्बन्धि सीप सहित कम्तिमा ६ महिनाको अनुभब भएको ।

ग) उमेर : कम्तिमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको

२. दरखास्त दिने स्थान :- ताप्ली गाउँपालिकाको कार्यालय, रुपाटार उदयपुर ।

३. दरखास्त दिने अन्तिम मिति : २०७७/०५/०६

४. आबेदनको दस्तुर : रु. ५००/-(दरखास्त वापतको रकम यस गाउँपालिकाको प्राइम कमर्सियल बैंक ताप्ली शाखामा रहेको संचित कोष खाता नं ०७७००२७०CA मा बुझाई सो को रसिद, दरखास्त फारम साथ राखु पर्नेछ )

५. छनोटको किसिम : - प्रारम्भिक योग्यताक्रमको सुची प्रकाशन र लिखित परिक्षा

६. आबेदन तथा संलग्न कागजातहरु :- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातहरु :

क ) नागरिकताको प्रतिलिपि

ख ) न्युनतम योग्यताको लाब्धांक प्रमाणपत्रको प्रतिलिपि

ग ) चारित्रिक प्रणामपत्रको प्रतिलिपि

घ ) अनुभब खुल्ने कागजात

ङ) २ प्रति पासपोर्ट साइजको फोटो

७. सेवा सुविधा :- गाउँपालिकामा प्राबिधिक सहायक पदपूर्ति सम्बन्धि प्रक्रियाको दफा (११) (१२),र (१३) बमोजिम हुनेछ ।

८. पदले सम्पादित गर्नुपर्ने कार्यबिबरण:गाउँपालिकामा प्राबिधिक सहायक पदपूर्ति सम्बन्धि प्रक्रियाको दफा (९) बमोजिम हुनेछ

नोट:आबेदनको ढाँचा र प्राबिधिक सहायक पदको कार्य बिबरण लगायत अन्य जानकारी www.pmep.gov.np वा www.taplimun.gov.np मा रहेको छ । (दरखास्त दिने अन्तिम मिति सार्बजनिक बिदाको दिन परेमा सोहि दिनको भोलिपल्ट सम्म म्याद रहनेछ ।)